# छैठौं वार्षिक प्रतिवेदन
## २०६५/२०६६

## राष्ट्रिय सहकारी बैंक लि.
## National Cooperative Bank Ltd.

पो. ब. नं. ८९७५, इपीसी २७११, बानेश्वर, काठमाडौं
फोन: ४४६१२०७, २११०१३७ फ्याक्स: ४४६५८०५
E-mail: coopbank@wlink.com.np / info@coopbank.com.np
Website : www.coopbank.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सल्लाहकारहरु


श्री केशव बडाल


श्री दीपकप्रकाश बाँस्कोटा


श्री केशव नेपाल


डा. युवराज खतिवडा


डा. हरिकृष्ण उपाध्याय


श्री विष्णु बहादुर के.सी


प्रा.डा. विश्वम्भर प्याकुरेल

## अध्यक्ष


श्री रमेश प्रसाद पोखेल
(प्रतिनिधी- स्टार बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्था लि. बिराटनगर)

## प्रबन्ध संचालक


श्री के. बी. उप्रेती
(प्रतिनिधी- जनता बहुउद्देश्यीय सहकारी संस्था लि. सोह्रखुट्टे, काठमाडौं)

## लेखा समिति संयोजक


श्री कुलचन्द्र अधिकारी
(प्रतिनिधी- जिल्ला सहकारी संघ लि. काभ्रे)

## संचालकहरु


श्री राजेशहरि जोशी
(प्रतिनिधी- मकवानपुर व. तथा ऋ. स. सं. लि. हेटौंडा)


डा. विदुर कुमार चालिसे
(प्रतिनिधी- स्तुपा स्वास्थ्य सेवा स. संस्था लि. बौद्ध, काठमाडौं)


श्री गणेशप्रसाद बस्नेत
(प्रतिनिधी- मेची स. संस्था लि. दमक, झापा)

## लेखा समिति सदस्यहरु


श्री रामबहादुर जि.सी.
(प्रतिनिधी- रेश बहुउद्देश्यीय स. संस्था लि., बागलुङ)


श्री कुमार खत्री
(प्रतिनिधी- कल्याणकारी व. तथा ऋ. स. संस्था लि., लुभु, ललितपुर)


श्री रामशरण शर्मा घिमिरे
(प्रतिनिधी- कर्मणा व. तथा ऋ. स. संस्था लि. सातदोबाटो, ललितपुर)


श्रीमती सरिता भट्टराई
(प्रतिनिधी- महिला अभियान व. तथा ऋ. स. संस्था लि., बालकोट, भक्तपुर)


श्री हरिहरनाथ योगी
(प्रतिनिधी- जनहितकारी व. तथा ऋ. स.सं. लि. विरेन्द्रनगर, सुर्खेत)


श्री मुकुन्द दाहाल
(प्रतिनिधी- ज्योती बहु. स. संस्था लि., काभ्रे)


श्री महेश्वर शर्मा पौडेल
(पदेन संचालक रजिष्ट्रार, सहकारी विभाग)


श्री विजयराज घिमिरे
(पदेन संचालक राष्ट्रिय सहकारी संघ लि.)

द.नं.०१/५९/सहकारी बैंक)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
# NATIONAL CO-OPERATIVE BANK LIMITED

च.नं. ७५-०६६/६७

मिति :२०६६/९/१०

श्री ................................................................सहकारी संघ/संस्था लि.

.................................................................

कविषय :- वार्षिक साधारणसभामा भाग लिन आउने बारे ।

यस बैंकको संचालक समितिको निर्णयानुसार छैठौं वार्षिक साधारणसभा उल्लेखित विषयहरु उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा उक्त सभामा भाग लिन त्यस संघ/संस्थाको तर्फबाट एक जना प्रतिनिधि पठाई दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

साधारणसभाका विषयहरू :-

१) संचालक समितिको तर्फबाट बैंकका अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन,
२) बैंकका प्रबन्ध संचालकबाट प्रस्तुत प्रगति प्रतिवेदन,
३) आ.ब. ०६५/६६ को प्रस्तुत लेखापरीक्षण प्रतिवेदन,
४) लेखा समितिको प्रस्तुत प्रतिवेदन,
५) आ.ब. ०६६/६७ को प्रस्तुत प्रस्तावित बजेट तथा कार्यक्रम,
६) प्रस्तावित लाभांश वितरणको अनुमोदन,
७) आ.ब. ०६६/६७ को लागि लेखा परीक्षकको नियूक्ती तथा निजको पारिश्रमिक,
८) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट १/१ जना प्रतिनिधि तोक्ने,
९) विविध ।

कार्यक्रम:-

मिति : २०६६ साल माघ २३ गते शनिबार

समय : बिहान ८:०० बजे ।

स्थान : पासाङल्हामु स्मृति भवनको सभाकक्ष

मेचीनगर-३, धुलावारी, झापा, संपर्क फोन नं.९८५२६७१३१७, ९८५२६७७७७६, ९८४२६२६१६६, ०२३-५६०८२८

साधारणसभासम्बन्धी अन्य आवश्यक जानकारीहरू :

१) साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचयपत्र लिएर आउनु पर्नेछ ।
२) एक व्यक्तिले एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाइनेछ ।
३) साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुको यातायात तथा आतेजाते खर्च सम्बन्धित संघ/संस्था आफैले व्यवस्था गर्नु पर्नेछ ।

(के. बी. उप्रेती)
प्रबन्ध संचालक

राष्ट्रिय सहकारी बैंक लिमिटेडका
शाखा तथा उपशाखा कार्यालयहरु

| क्र.सं. | शाखा/उपशाखा कार्यालयको नाम | ठेगाना | फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| क | **शाखा कार्यालय** | | | |
| १ | राष्ट्रिय सहकारी बैंक लि., शाखा कार्यालय विराटनगर | विराटनगर, मोरङ | ०२१-५२३८९८ | ०२१-५३८१५३ |
| २ | राष्ट्रिय सहकारी बैंक लि., शाखा कार्यालय बागलुङ | गोदामचोक, बागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ |
| ३ | राष्ट्रिय सहकारी बैंक लि., शाखा कार्यालय वुटवल | वुटवल | ०७१-५४०८०४ | ०७१-५४०८०४ |
| ४ | राष्ट्रिय सहकारी बैंक लि., शाखा कार्यालय पोखरा | पोखरा उमनपा-११, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ |
| ख | **उपशाखा कार्यालयहरू :** | | | |
| १ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, झापा | भद्रपुर, झापा | ०२३-४५५११७ | ०२३-४५५११७ |
| २ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, हेटौंडा मकवानपुर | हेटौंडा, मकवानपुर | ०५७-५२०६१४ | ०५७-५२५४०४ |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, सुर्खेत | बीरेन्द्रनगर-३, कालागाउँ, सुर्खेत | ०८३-५२१५६२ | ०८३-५२३८७५ |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, इटहरी, सुनसरी | इटहरी, सुनसरी | ०२५-५८५८१२ | ०२५-५८५८१२ |
| ५ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, स्याङ्जा | वालिङ, स्याङ्जा | ०६३-४४०२३८ | ०६३-४४०२२९ |
| ६ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, नुवाकोट | विदुर, नुवाकोट | ०१०-५६०००९ | ०१०-५६०००९ |
| ७ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, दाङ | घोराही, दाङ | ०८२-५६०९३६ | ०८२-५६१७५१ |
| ८ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, ललितपुर | लगनखेल, ललितपुर | ५५२९८७९ | ५५२९८७९ |
| ९ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, गोंगबु | गोंगबु, काठमाडौ | ४३६४६३४ | ४३६४६३४ |
| १० | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, काभ्रे | बनेपा, काभ्रे | ०११-६६११२७ | ०११-६६११२७ |
| ११ | राष्ट्रिय सहकारी बैंक लि. उपशाखा कार्यालय, दोलखा | भिमेश्वर न.पा.१ | ०४९-४२१६८४ | ०४९-४२१६८४ |

# सञ्चालक समितिका तर्फबाट राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष रमेश प्रसाद पोखरेल द्वारा प्रस्तुत प्रतिवेदन – २०६६

राष्ट्रिय सहकारी बैंक लिमिटेडको छैठौ वार्षिक साधारण सभामा पाल्नु हुने आदरणीय प्रमुख अतिथिज्यू, बिशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु, मञ्चमा आसिन विशिष्ट महानुभावहरु, नेपालका ६० जिल्लामा अवस्थित यस वैकका सदस्य सहकारी संघ/संस्थाहरुबाट पाल्नु भएका प्रतिनिधिहरु तथा पर्यवेक्षक मित्रहरु, सभामा उपस्थित सहकारीकर्मी मित्रहरु, पत्रकार बन्धुहरु समक्ष राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फबाट न्यानो सहकारी अभिवादनका साथै हार्दिक स्वागत गर्दछु ।

आर्थिक रुपले पछाडी परेका जनताको आर्थिक विपन्नताको अवस्थाबाट जीवन स्तरमा सुधारको प्रत्याभूती दिन संस्थागत रुपले वि.स. २०१३ सालमा मुलुकमा सहकारी अभियानको थालनी भएको हो । यस उदेश्यलाई परिपूर्ति गर्ने उपयुक्त माध्यमको रुपमा स्थापित सहकारी संघ/संस्थाहरुलाई आर्थिक गतिशीलता दिन सहकारी बैंक ऐंन २०१९ जारी भई वि. स.२०२० सालमा सहकारी बैंकको स्थापना भएको थियो । तर सहकारी संघ/संस्थाहरुको संख्या न्यून हुनु र सहकारी प्रवर्द्धन सम्वन्धी ठोस नीतिको अभावमा सहकारी बैंकले आफ्नो पहिचान कायम गर्न नसकि वि. स. २०२४ सालमा कृषि विकास बैंकमा परिणत हुनगयो । वि. स. २०१३ साल देखि २०४८ साल पूर्व सम्म सहकारी क्षेत्रले निकै आरोह अवरोहहरु पार गर्नु परेको अवस्था इतिहास केलाउदा पाइन्छ । सरकारी नियन्त्रणको अवस्थामा संचालित सहकारीले गति लिन नसक्ने भएकोले सहकारी संघ/संस्थाका सदस्यहरुद्वारा मात्र संचालित र नियन्त्रित हुने पद्धति विकास गर्न आवश्यक भएकोले सहकारी ऐंन २०४८ जारी गरियो । सहकारी ऐंन २०४८ जारी भए पश्चात नेपालमा सहकारीताको क्षेत्रमा नयाँ युगको सुत्रपात हुन गएको छ । सहकारी ऐनले सहकारीको स्वाधिनता र स्वतन्त्रताको रक्षा गरेको कारण स्वतःस्फूर्त रुपमा सहकारीको स्थापना र सेवाको क्षेत्र फराकिलो हुन शुरु भएको हो । यसै अनुरुप सहकारीहरुले हरेक क्षेत्रमा पुऱ्याएको सेवालाई अझ व्यवस्थित गरी गति दिनुपर्ने महशुस गरी आर्थिक क्षेत्रमा सहयोग पुऱ्याउन सहकारी क्षेत्रको आफ्नै छुट्टै बैंकको आवश्यकता टड्कारो रुपमा देखा पऱ्यो । यसै कुरालाई दृष्टिगत गरी २०५७ सालमा सहकारी ऐनं २०४८ लाई प्रथम संशोधन गरी सहकारी बैंक स्थापना गर्न पाइने व्यवस्था गरिएको थियो । त्यसैं संशोधनलाई टेकी राष्ट्रिय सहकारी संघको नेतृत्वमा सहकारी बैंकको स्थापनाको लागि कार्य प्रारम्भ भएको थियो । सरकारले आ.व. २०५७/५८ को वजेटमा सहकारी बैंकको स्थापनार्थ रु १ करोड विनियोजन गरी मार्ग प्रशस्त गर्नुको साथै प्रतिवद्धता समेत जाहेर गरे पछि यिनै पृष्ठभूमिको सेरोफेरोमा रहि अन्ततः वि. स. २०६० साल आषाढ २५ गतेका दिन यस बैंकको विधिवत स्थापना भएको हो र २०६१ श्रावण १९ देखि कारोवार गरेको कुरा स्मरण गराउन चाहन्छु ।

सहकारी बैंकको उदेश्य, महत्व यसले हाल सम्म पुऱ्याएको सेवा, गरेको प्रगति र भावी कार्य दिशा निम्न अनुसार प्रस्तुत गर्ने अनुमति माग्दछु ।

**आदरणीय प्रतिनिधिज्यूहरु ,**

हाल देशमा विभिन्न प्रकृतीका १५००० भन्दा बढी सहकारी संघ/संस्थाहरुको स्थापना भई संचालन भईरहेको र बैंकले सफलताका साथ वैकिङ कारोवारलाई अगाडी बढाउँदै सहकारीका सिद्धान्त, आर्दश, मूल्य र मान्यताहरुलाई पूर्णरुपमा आत्मसात गरी सदस्यहरु माझ सेवाहरु प्रदान गर्दै आएकोछ । ६० जिल्लाका १९०० भन्दा बढी सहकारी संघ/सस्थाहरुका बीच लोकप्रियता तथा यो हाम्रो बैंक भन्ने भावनाको जागरण सदस्य संघ/संस्थालाई गराईरहेको छ । त्यसैगरी सहकारी बैंकको स्थापनाले समाजमा सहकारी क्षेत्र सामाजिक क्रियाकलाप गर्ने स्थलकों रुपमा मात्र नभएर यो क्षेत्र आर्थिक समुन्नतीको महत्वपूर्ण पाटो हो भन्ने भावनामा बिजारोपण भएकोले सहकारी प्रति सदस्य एवं समाजको आकर्षणमा बृद्धि भई बैंकमा आबद्ध हुन चाहने सहकारी संघ सस्थाहरुको संख्या वढ्ने क्रम रहेको पाईएको छ । वैकले आफ्नो कारोवार गरेको यस अवधि सम्म आईपुग्दा काठमाडौंको वानेश्वरमा केन्द्रिय कार्यालय, विराटनगर, वाग्लुङ्ग, वुटवल र पोखरा गरि ४ स्थानमा शाखा कार्यालय तथा झापा, सुनसरी, मकवानपुर, सुर्खेत, स्याङ्गजा, नुवाकोट, काभ्रे, दाङ्ग, ललितपुर, गँगबु काठमाण्डौ र दोलखा समेत गर्दा ११ स्थानमा उप–शाखा कार्यालयको स्थापना गरी कार्य गर्दै आएकोमा आगामी आर्थिक वर्षमा राम्रो संभावना भएका स्थानहरुको अध्ययन गरी थप स्थानहरुमा शाखा/उपशाखा कार्यालयहरुको संख्यामा वृद्धि गर्दै लैजाने लक्ष्य बैंकले लिएको छ ।

**आदरणीय प्रतिनिधि मित्रहरु,**

सहकारी बैंकलाई सदस्य संघ/संस्थाको वित्तीय आवश्यकता पूर्ति गर्न सक्षम बैंकको रुपमा स्थापित गर्ने हाम्रो प्रयास रहँदा रहदै पनि निम्न वमोजिमका चुनौतीहरुका कारण आशातित सफलता प्राप्त हुन सकेको छैन ।

- सहकारी बैंकलाई विशेष बैंकको रुपमा परिभाषित गर्न सरकारका तर्फबाट नीतिगत स्पस्टता तथा छुट्टै सहकारी बैंक ऐनको निर्माण हुन नसक्नु ।
- सरकारबाट बैंकले माग गरे बमोजिमको शेयर पूँजी प्राप्त नहुनु ।
- नेपाल राष्ट्र बैंकबाट वाणिज्य बैंक सरहको पूँजीगत सीमाको प्रावधान कायमै रहनु ।
- सरकारका विपन्न वर्ग तथा गरिबी निवारणका लागि विनियोजित गरिएको विभिन्न कोषहरु सहकारी बैंकबाट परिचालन गर्ने गरी सरकारबाट अनुमति प्राप्त नहुनु ।
- संस्थागत निक्षेप प्राप्त गर्न सक्ने, सदस्य संघ/संस्थाका सदस्यहरुबाट निक्षेप स्वीकार गर्न पाउने तथा अन्य बैंकिङ्ग कार्य गर्न सक्ने प्रावधान नहुनु आदि ।

**उपरोक्त समस्याहरुलाई निराकरण गर्नका लागि यस बैंकको लक्ष्य निम्न वमोजिम रहेको छ :-**

- राष्ट्रिय सहकारी बैंक ऐंन निर्माण गर्ने र सहकारी ऐनमा संशोधन गरी सहकारी बैंक सम्बन्धी छुट्टै परिच्छेदको व्यवस्था गरी पूर्ण बैकिङ्ग कारोवार गर्ने व्यवस्थाको लागि कार्य गर्ने ।
- सहकारीका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकायहरुमा सम्बन्धको विकास र सहकार्य गर्दै आई.सि.वि.ए.को सदस्यता प्राप्ति गर्नको लागि निरन्तर पहल गरिने ।
- महिला तथा बिपन्न वर्गलाई लक्षित गरेर कर्जा लगानी सम्बन्धी कार्यक्रम गर्ने ।
- बैंकका गतिविधिहरुलाई निरन्तर रुपमा अगाडी बढाउनको लागि सदस्य सहकारी संघ/सस्थाहरुलाई उपयोगी हुने गरी पत्रिका प्रकाशन, शिक्षा तथा तालिम, पेशागत विकाश कार्यक्रम र आपसी सहयोग कार्यक्रम बैंकको वेभसाईट मार्फत सूचनाहरु आदान प्रदान लगाएतका कार्यक्रमहरु गरिने ।
- बैंकको संरचनाको विकास गरी मूलुक भरि स्थापना भएका सम्पूर्ण सहकारी संघ/संस्थाहरुले सजिलै सँग कारोवार गर्ने गरी ए.बि.बि.एस.सेवा प्रदान गर्ने ।
- सहकारीमा आवद्ध सदस्य पदाधिकारीहरु, कर्मचारीहरु लगायत अन्य सरकारी /गैरसहकारी संघ/सस्थाहरुको समेत यस बैक मार्फत निक्षेप लिने/दिने व्यवस्थाको लागि पहल गर्ने ।
- नेपाल सरकारसंग समन्वय गरी सहकारी बैंक तथा सहकरी आन्दोलनका केन्द्रीय निकायहरु सहकारी बैंकहरुको कार्यालय प्रयोजनका लागि सहकारी भवन निर्माण गर्ने तर्फ आवश्यक प्रक्रिया अगाडि बढाईने ।
- नेपाल सरकारले सहकारी संघ/संस्था गठन, प्रवर्धन तथा सुधारका लागि वजेटमा विनियोजन भएका रकम सहकारी बैंकमार्फत निकासा गर्ने तर्फको प्रयास लाई निरन्तरता दिईने ।

**उपरोक्त बमोजिमका लक्ष्यहरु हासिल गर्न निम्न बमोजिमका कार्यक्रमहरु लागु गरिनेछ :**

- बैंकका सदस्यहरुको मनोवल उच्च पार्न, बैंकको आर्थिक कारोवारमा तिव्रता ल्याउन निक्षेप तथा कर्जा तर्फका उत्कृष्ट एक/एक सदस्यलाई पुरस्कृत गर्ने योजनालाई निरन्तरता दिएका छौं ।
- बैंकमा कार्यरत कर्मचारीहरुलाई समयानुकूल दक्ष र प्रतिस्पर्धी बनाउदै लैजाने लक्ष्य अनुरुप विभिन्न प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीमहरु लिने व्यवस्थाको साथै नेपाल सरकारको नीति अनुसारको तलव तथा अन्य सुविधाहरुमा वृद्धि गर्दै लगिने नीति कायमै रहेको छ ।
- वर्तमान बैंकहरुमा देखा परेको तिव्र प्रतिस्पर्धा अनुरुप कर्जा तथा निक्षेपमा लिने/दिने व्याजदरलाई समय सापेक्ष परिवर्तन गर्दै लैजाने नीति अख्तियार गरिएको छ ।
- राज्यले बिपन्न वर्गलाई लक्षित गरेर संचालन गर्ने सबै प्रकारका कोषहरु (ग्रामिण स्वावलम्वन, वैदेशिक रोजगार, गरिवी निवारण, लघुवित्त आदि) सरकारको समेत सहयोग लिएर सहकारी बैंक मार्फत परिचालन गर्न पहल गरिने छ ।

- ग्रामीण क्षेत्रमा स्थापना भएका महिला तथा कृषकहरुद्धारा संचालन गरिएका सामुदायीक सहकारीहरुलाई सम्भाव्यता अध्ययनको आधारमा सवल छन् भन्ने विश्वास भएमा यस्ता सहकारीहरुको लागि छुट्टै मापदण्ड बनाई बिना धितो कर्जा लगानी गर्ने व्यवस्थाको लागि कार्य भईरहेको छ । यसलाई यसै वर्ष देखि कार्यान्वयन गर्न पहल गरिनेछ ।
- अन्तर सहकारी विल भुक्तानी तथा स्वदेशी Remittance र विदेशबाट प्राप्त हुने Remittance का लागि एजेन्सी लिने कार्य तथा सहकारी विमा सम्बन्धी कार्यलाई थप व्यवस्थित गरी कार्य गरिने छ ।
- बैंकको कारोवारलाई देशव्यापी गर्नको लागि यस बैकले निर्धारण गरे बमोजिमको पूर्वाधार तयार भएका स्थानहरुमा शाखा तथा उप–शाखा कार्यालयहरुको स्थापनामा विषेश जोड दिईने छ । भैरहेको उपशाखा कार्यालयहरुलाई मापदण्ड पुऱ्याउन लगाई बैंकको व्यवस्थापनमा संचालन गर्न लगाईनेछ ।
- बैंकको चुक्ता पुंजी बृद्धिको लागि सर्म्पूण सहकारी संघ/संस्थाहरुलाई शेयर खरीद गराउन प्रयास जारी रहनेछ । सरकारका तर्फबाट यस वर्ष थप एक करोड प्राप्त भएको र बीस करोड थप गराउन प्रयास जारी राखीने छ । यसका लागि शेयर तथा निक्षेप बृद्धि कार्यक्रम लागु गरिसकिएको छ । शेयर तथा कारोवारलाई बृद्धि गर्न सहकारी आन्दोलनका पक्षहरु सँग अन्तरक्रिया र छलफल गरी सरकार र नेपाल राष्ट्र बैंक सँग आवश्यक समन्वय गरिने छ ।
- कर्जा लगानी प्रकृयालाई थप चुस्त, दुरुस्त, पारदर्शी एवं सरल बनाईने छ । साथै नेपाल राष्ट्र बैंकले तोके बमोजिमको चुक्ता पूंजी निमार्ण भईसके पछि कर्जा लिदा अनिवार्य खरिद गर्नु पर्ने ५ प्रतिशत शेयर रकमलाई कम गर्ने निति लाई अवलम्वन गरिने छ ।
- बैंकका गतिविधिहरुलाई तिव्रता दिन सदस्य संघ/संस्थाहरुलाई उपयोगी हुने गरी पत्रिका प्रकाशन, शिक्षा तथा तालिम, पेशागत विकाश कार्यक्रम र आपसी सहयोग कार्यक्रम बैंकको वेभसाईट मार्फत सूचनाहरु आदान प्रदान लगाएतका कार्यक्रमहरुमा सम्वन्धीत पक्षहरु संगको सहयोग र सहकार्यमा समेत अगाडी बढाईने छ ।
- बैंकको श्रोत र साधनले भ्याए सम्म प्राथमिकताको आधारमा बैकका संचालक समिति, लेखा समिति, अन्य उपसमितिका पदाधिकारी कर्मचारीहरु तथा सदस्य संस्थाका प्रतिनिधिलाई आवश्यक क्षमता विकास सम्बन्धी स्वदेशी तथा विदेशी तालीम तथा अवलोकन भ्रमणको व्यबस्था मिलाईनेछ ।
- यस बर्ष आ.व. २०६५/६६ को नाफा बाट शेयर सदस्यहरुलाई ९ प्रतिशत लाभांस दिने व्यवस्था मिलाईएको छ । आगामी आ.व.मा थप लाभांस दिन बैंक प्रतिवद्ध रहेको छ ।
- बैंकको कूल निक्षेपको मूख्य अंश बचतमा जम्मा रहेकोले अत्याधिक मात्रामा तरलता कायम राख्नुपर्ने हाम्रो बाध्यता अझै कायमै रहेकोले शेयर सदस्य महानुभावहरुमा बैंकले निर्धारण गरेको मुद्धती तथा नियमित बचत खातामा रकम जम्मा गरेर सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।
- मुलुकको आधा आकाश ढाकेका महिलाहरुद्वारा संचालित तथा कृषकहरुद्धारा स्थापित गरी उक्त नामबाट संचालन भएका महिला र कृषि सहकारी संघ/संस्थाहरुलाई प्रदान हुने रू. २ लाखसम्मको कर्जाको ब्याजदरमा ०.५ प्रतिशत कम गर्ने व्यवस्थालाई निरन्तरता दिएका छौं ।

**आदरणीय प्रतिनिधिज्यूहरु ,**

सहकारी बैंकले छैठौं बार्षिक साधारण सभा सम्म आईपुग्दा धेरै उकाली ओराली लाई पार मात्रै गरेन यस बीचमा थुप्रै तिता मिठा अनुभवहरु समेत संगाल्ने अवसर पनि प्राप्त भयो । यस बैंकलाई हालसम्म पनि पूँजीको कारणले गर्दा नेपाल राष्ट्र बैंकबाट पूर्ण वैकिङ कारोवार गर्न इजाजत प्राप्त बैंकको रुपमा परिणत गर्न सकिएन । नेपालको सहकारी क्षेत्रमा काम गर्ने एक मात्र सहकारी बैंक राष्ट्र बैंकले तोकेको पूँजीको पावन्दीको कारणले पूर्ण बैकिङ्ग कारोवारमा जान नसक्नु हाम्रा लागि अप्ठ्यारो अवस्था नै हो । बैंकको तर्फबाट अथक प्रयास गर्दा पनि आ. व. २०६६/०६७ मा सरकारले थप रु. १ करोड मात्र लगानी गर्ने निर्णय गरेको साथै अधिकांश सहकारी संघ/ संस्थाले न्यूनतम् शेयर मात्र खरिद गर्ने गरेका र उपयूक्त नीति नियमको अभाव लगायतका कारणले सहकारी बैंकलाई अगाडी बढाउन अनेक व्यवधानहरुको सामना गरिरहनु परेको छ । यसरी आईपरेका विभिन्न व्यवधानहरुका वावजुद पनि प्राप्त सीमित श्रोत र साधनको अधिकतम् प्रयोग गरी बैंकले आफ्नो निर्दिष्ट उद्देश्यका साथ प्रगतीको अग्रगामी दिशा तिर अग्रसर भएको कारण सहकारी संघ/संस्थाहरुमा देखापरेका आर्थिक समस्याहरुको केहि हदसम्म समाधान गर्न सफल भएको कुरा म यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु । हाम्रो सदैव सोच सहकारी

वैक पुर्ण बैंकको रुपमा स्थापना गर्नेक नै हो र यसै कार्यका लागि हामी अगाडी वढी रहेका पनि छौं । तर पनि सरकारले जांतसुक मिठा वचनहरु सहकारीमा प्रकट गरेको भएता पनि व्यवहारमा भने सरकारको सहकारी प्रतिको अस्पष्ट नीति कायमै रहेकोछ । देशको अन्योल पूर्ण राजनैतिक अवस्था, विश्वमा आएको आर्थिक मन्दीको मनोवैज्ञानिक प्रभाव आदिले गर्दा विभिन्न अवरोधहरुको सामना गरिरहनु परेको अवस्था एकातिर छ भने अर्को तिर सहकारी क्षेत्रको पूर्ण सहयोग र सहभागिता नभएका कारणले वित्तीय गतिशिलतालाई तिब्र रुपमा अगाडी लैजानु हाम्रा लागि चुनौती रहेको छ ।

**आदरणीय प्रतिनिधिज्यूहरु ,**

सहकारी बैंकले स्थापनाको पहिलो वर्ष देखि नै सहकारी संघ/संस्थाले भोग्नु परेका बिभिन्न समस्याहरुलाई उठान गर्दै आएको कुरा तपाई प्रतिनिधिज्यूहरु सामु छर्लङ्ग छ । यस बैंकले सहकारी क्षेत्रको प्रवक्ताको रुपमा नै कार्य गरि कतिपय समस्याहरु स्थायी रुपमा समाधान गर्न सफल भएको छ । कतिपय समस्या समाधानको लागि बैंक अन्य सहकारी आन्दोलनका पक्षहरुसंग सहकार्य गर्दै अगाडी बढीरहेको छ । सहकारी सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतीक उत्थानको लागि निरन्तर रुपमा चलिरहने एउटा आन्दोलनको रुप हो । यस लाई अधिकतम प्रयोग गरी न्यूनतम मात्र श्रोत साधन खर्चिने र सदस्यहरुलाई अधिकतम लाभ पु¥याउने हाम्रो लक्ष्य पनि हो । यहि लक्ष्य अनुसार आफ्ना सदस्यहरुलाई के गर्दा अधिकतम लाभ दिन सकिन्छ भन्ने बिषयमा बैंक सधै चिन्तित रहेको छ ।

सहकारी बैंकले पूर्ण बैंकको रुपमा काम गर्न नपाउनु भनेको यो मुलुकको सहकारी आन्दोलनको लागि पनि दुर्भाग्यपूर्ण कुरा हो । त्यसैले सहकारी क्षेत्रका तमाम समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ भन्ने उदेश्यले हालै मात्र सहकारी बैंक सहितको सक्रियतामा र सहकारी आन्दोलनका मित्रहरुको सहयोगमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. युवराज खतिवडाको नेतृत्वमा सहकारी समस्या समाधानका लागि सुझाव समिति गठन भएको छ । उक्त समिति मार्फत सहकारीताको क्षेत्रका साथै यस बैंकमा रहेका बिद्यमान समस्याहरुलाई समेटेर सुझाव प्रस्तुत गरिने भएकोले सरोकारवाला सबै मित्रहरुमा उपयूक्त सल्लाह र सुझावहरु दिएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

**अत्यमा ,**

राष्ट्रिय सहकारी बैंकको आर्थिक तथा सामाजिक लगायतका हरेक प्रकारका क्रियाकलापहरुमा गतिशिलता ल्याई सहकारी वित्तीय प्रणालीको केन्द्रीय निकायको रुपमा यस बैंकलाई स्थापित गर्नको लागि अथक प्रयास र अमूल्य योगदान दिन नेपाल सरकार,नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी संघ,राष्ट्रिय सहकारी विकास वोर्ड, बैंकमा आवद्ध सहकारी संघ/सस्थाहरुका साथै योजनाविद्हरु, सहकारीका बिज्ञहरु लगायत उपस्थित प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, पत्रकार साथीहरु तथा साधारणसभाको व्यवस्थापनमा अहोरात्र खट्नु भएका सहयोगी मित्रहरु, बैकका शुभचिन्तकहरु , विभिन्न समिति तथा उपसमितिका सदस्यज्यूहरु र बैंकका संचालक तथा लेखा समितिका साथीहरु, सल्लाहकारज्यूहरु, कर्मचारी वर्ग सबैमा पून: एकपटक स्वागत अभिवादन तथा धन्यवाद प्रकट गर्दै यहाँवाट विदा हुने अनुमती माग्दछु ।

**धन्यवाद,**

**जय सहकारी**

मिति : २०६६ माघ २३ गते, शनिवार ।
स्थान : पासाङल्हामु स्मृति भवनको सभाकक्ष,मेचीनगर-३, धुलावारी,झापा ।

# राष्ट्रिय सहकारी बैकका प्रवन्ध संचालक के.बी. उप्रेतीद्वारा प्रस्तुत वजेट तथा प्रगती प्रतिवेदन २०६६

बैकको छैठौ वार्षिक साधारण सभाका अध्यक्षज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, बैकका सल्लाहकारज्यूहरु, अतिथिज्यूहरु, बैंकका लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु, सञ्चालक साथीहरु, सदस्य सहकारी संघ/संस्थाका प्रतिनिधिज्यूहरु तथा पर्यवक्षेकज्यूहरु, पत्रकार मित्रहरु, लेखक, शुभचिन्तकहरु तथा सहकारी सेवामा कायरत संपूर्ण कर्मचारी मित्रहरुमा राष्ट्रिय सहकारी बैक तथा मेरो व्यक्तिगत तर्फबाट सहकारिताको न्यानो स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय प्रतिनिधीज्यूहरु,**

सहकारी आन्दोलनलाई वलियो वनाउन, वित्तीय आवश्यकतालाई परिपूर्ती गर्न आन्दोलनका अगुवाहरुको पहल र तपाई हाम्रो अथक प्रयासवाट यस वैकको स्थापना भएको हामी सवैलाई अवगत नै छ । यस वैकको संरक्षण र प्रवर्द्धन गर्नु हामी सबैको साझा कर्तव्य हो । छैठौ वर्ष सम्म नाफामा वृद्धि गर्दै आफ्नो संजाल १५ स्थानमा विस्तार गरी वैकिङ्ग सेवा उपलब्ध गराउदै सदस्यहरुलाई ९ प्रतिशत लाभाशं वितरण गर्ने अवस्थामा पु-याई सहकारी क्षेत्रको एक मात्र वैकको रुपमा स्थापित गर्न सफल भएको व्यहोरा सवैमा सहर्ष जानकारी गराउन चाहन्छु । सहकारी क्षेत्रलाई समेट्न वैक स्थापित भयो । वैकलाई पूर्ण बैंकिङ्ग कारोवार गराउने गरी संचालन गर्न पहल गर्नुको साथै आफैंले पूँजी संकलन गरी बाणिज्य बैंक सरह विकसित गर्न जरुरी छ । हाल वित्तीय क्षेत्रमा देखिएको अन्यौलताले गर्दा धेरै वैकहरु गाभिने अवस्थामा आईपुगेको र तरलताको अभावले गर्दा बैंकिङ्ग क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाले गर्दा सहकारी क्षेत्रका सबै संस्थाहरुले राख्ने तरलतामा समेत प्रभाव पार्नु स्वभाविकै हुन्छ । विगतमा बैंक तथा वित्तीय संघ/संस्थाहरुले निक्षेपको रकम पूर्ण रुपमा भुक्तानी नगरेको अबस्थामा पनि यस बैंकले आफ्नो सदस्य संघ/संस्थाहरुको निक्षेप भुक्तानीलाई पहिलो प्राथमिकतामा राखी अभाव हुन नदिनु र प्रारम्भिक सहकारी सस्थाहरुले समेत आफ्नो सदस्यहरुको वित्तीय आबश्यकतालाई पूर्ति गरेको कुरा सवैमा बिदितै छ । यसरी अन्य वैंक तथा बित्तीय संस्थांहरु भन्दा सहकारी क्षेत्रको वित्तीय कारोवार गर्ने संस्थाहरु आफ्ना सदस्यहरुलाई भरपर्दो सेवा दिन सक्छन् भन्ने प्रमाणित भएको बेला हामी सबै मिली यस बैंकलाई सहकारी क्षेत्रको सवल बैंक बनाई अन्य बैकहरुसँग प्रतिस्पर्धा गर्न सक्षम तुल्याउन शेयरमा थप गरी, हाल छोटो अवधिको रकम मात्र भएकोले अधिक तरलता राख्नु परेको कारणले दीर्घकालीन रकम एवं अनिवार्य बचतलाई नियमित गराई कारोवार नगरेको भए संपूर्ण आर्थिक कारोवार सहकारी वैंक माफर्त गर्न सहकारीकर्मी साथीहरुमा हार्दिक अनुरोध गर्न चाहन्छु । बैंकको कारोवार लाई पारदर्शी ,चुस्त र दुरुस्त गर्न हामी व्यवस्थापनमा सरीक भएकाहरु प्रतिवद्ध छौं । सबै सदस्य संघ संस्थाका पदाधिकारी र सदस्यहरुको सकारात्मक भावना र सहयोगले नै हामी लाभाशं बितरण गर्न सफल भएका छौं । बैकले हासील गरेको प्रगती र आगामी आर्थिक बर्ष २०६६/०६७ को बजेट तथा कार्यक्रम निम्न बमोजिम प्रस्तुत गर्न चाहन्छु :-

# श्री राष्ट्रिय सहकारी बैंक लिमिटेड

## नयाँबानेश्वर

## आ. व. ०६६/६७ को लागि प्रस्तावित कार्यक्रम तथा बजेट

पूजी तथा दायित्व

रु हजारमा

| शिर्षक | २०६५/६६ को लागि प्रस्तावित | २०६६आषाढ सम्मको वास्तविक | २०६६/६७ को लागि प्रस्तावित | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| चुक्ता शेयर पुजिं | १६२,५०० | १३०,९७७ | ३३०,००० | नेपाल सरकार बाट थप माग गरिएको । |
| जगेडा तथा बचत | २०,००० | ११,६३९ | ६०,३३८ | यस वर्ष नाफा बृद्धि हुने भएकोले थप गरिएको । |
| कुल निक्षेप | १,१००,००० | ३७५,२७७ | १,१५०,००० | शेयर तथा निक्षेप बृद्धि कार्यक्रम लागू गर्ने भएकोले वृद्धि गरिएको । |
| अल्पकालीन ऋण | ० | ८,००० | ० | |
| अन्य दायित्व | २२,००० | ७९,९४४ | २००,००० | नेपाल सरकारसंग विपन्न तथा गरिबी निवारणमा जाने कर्जा माग गरिएकोले थप गरिएको । |
| **कुल पूजिं तथा दायित्व** | **१,३०४,५००** | **६०५,८३७** | **१,७४०,३३८** | |

सम्पत्ती

| शिर्षक | २०६५/६६ को लागि प्रस्तावित | २०६६आषाढ सम्मको वास्तविक | २०६६/६७ को लागि प्रस्तावित | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | २२०,००० | १८१,९३१ | २८७,५०० | अधिकांश निक्षेप बचत खातामा रहेकोले तरलता कायम राख्न । |
| अन्य सम्पत्ती | ५,५०० | ७७,३४३ | ९,५०० | कर्जाको असुल गर्नुपर्ने ब्याज थप हुन सक्ने भएकोले । |
| लगानी हिसाब | ० | १५,१०५ | ० | |
| कर्जा तथा सापट | १,०१९,००० | ३२९,६६४ | १,४२६,००० | लाभाशंमा बृद्धि गर्नु परेकोले प्राप्त श्रोतलाई परिचालन गर्न बृद्धि गरिएको |
| स्थिर सम्पत्ती | १०,००० | १,७९४ | १७,३३८ | बैंकको संजाल विस्तार गर्दा खरिद हुने सम्पत्ती थप हुदा बृद्धि गरिएको । |
| **कुल सम्पत्ती** | **१,२५४,५००** | **६०५,८३७** | **१,७४०,३३८** | |

आम्दानी तर्फ

| शिर्षक | २०६५/६६ को लागि प्रस्तावित | २०६६आषाढ सम्मको वास्तविक | २०६६/६७ को लागि प्रस्तावित | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| कर्जाबाट ब्याज | ५५,००० | २२,४३३ | १२५,००० | कर्जा लगानीमा बृद्धि हुनाले |
| बैंकबाट ब्याज | ८,५०० | ७,७५२ | २५,००० | बैंक मौज्दात बृद्धि भएकोले |
| प्रक्रियागत शुल्क | ६,८५० | १,९१८ | १२,००० | कर्जा लगानीमा बृद्धि हुनाले |
| प्रवेश शुल्क | २५० | १९२ | ६०० | सदस्यता बृद्धि हुनाले |
| अन्य आम्दानी | १५,००० | ९०१ | ८,००० | रकमान्तर, बील कारोबार, अन्तर सहकारी भुत्तानी कारोबारबाट प्राप्त हुने |
| तालिम संचालन | ० | ० | ५०० | सदस्य संघ/संस्थाहरुलाई व्यवसायिक तालिम प्रदान गर्दा लिइने शुल्क तथा नेपाल सरकारबाट तालिम खर्च प्राप्त हुने सम्भावना भएकोले |
| **कुल आम्दानी** | **८५,६००** | **३३,१९६** | **१७१,१००** | |

खर्च तर्फ

| शिर्षक | २०६५/६६ को लागि प्रस्तावित | २०६६आषाढ सम्मको वास्ताविक | २०६६/६७ को लागि प्रस्तावित | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| व्याज खर्च | ४०,००० | १२,७०० | ८०,५०० | निक्षेप बृद्धि हुने भएकोले बद्धि गरिएको |
| कर्मचारी खर्च | ५,००० | २,४१० | ६,४४२ | कर्मचारी थप भएकोले |
| कार्यालय संचालन खर्च | ६,००० | ४,९५१ | ११,९१५ | संजाल विस्तार हुने भएकोले |
| प्रर्वद्धानात्मक तथा कार्यक्रम खर्च | १,००० | २९५ | १,००० | शेयर तथा निक्षेप बृद्धि तालिम, अन्तरक्रिया तथा सेमिनार जस्ता कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले |
| जोखिम व्यवस्था कोष खर्च | १५,६०० | ४७२ | १०,००० | कर्जा लगानीमा बृद्धि हुने भएकोले |
| तालिम खर्च | ० | | ५०० | सदस्य संघ/संस्थाहरुलाई व्यवसायिक तालिम प्रदान गर्ने व्यवस्था भएकोले |
| सदस्यता शुल्क खर्च | ० | ० | ५०० | ICBA/RCBA लगाएत अन्तर्राष्ट्रिय सहकारी संघ/संस्थाहरुको सदस्यता लिन व्यवस्था गरिएको |
| कुल खर्च | ६७,६०० | २०,८२८ | ११०,८५६ | |

नाफा ( नोक्सान )

| विवरण | २०६५/६६ को लागि प्रस्तावित | २०६६आषाढ सम्मको वास्ताविक | २०६६/६७ को लागि प्रस्तावित | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| कुल आम्दानी | ८५,६०० | ३३,१९६ | १७१,१०० | |
| कुल खर्च | ६७,६०० | २०,८२८ | ११०,८५६ | |
| कर अगाडि नाफा ( नोक्सान ) | १८,००० | १२,३६८ | ६०,२४४ | |

शेयर सदस्य

| विवरण | २०६५/६६ को लागि प्रस्तावित | २०६६ आषाढ सम्मको वास्ताविक | २०६६/६७ को लागि प्रस्तावित | |
|---|---|---|---|---|
| सदस्य संख्या | २,००० | १,८५० | २,५०० | |

अनुसुची

कर्मचारी खर्च

रु हजारमा

| शिर्षक | आ व ०६५/६६ प्रस्तावित | ०६६ आषाढ सम्मको वास्ताविक | ०६६/६७ को लागि प्रस्तावित | | | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| | | | केन्द्र | शाखा/उपशाखा | जम्मा | |
| तलब भत्ता | ४,०८६ | २,०२० | २,८२८ | २,३२३ | ५,१५१ | शाखा तथा उपशाखा थप भै कर्मचारी थप हुने भएकोले |
| संचयकोष | १२५ | ७५ | १०५ | ८६ | १९१ | |
| दशैं खर्च | २८६ | १२८ | १७९ | १४७ | ३२६ | |
| यातायात खर्च | ३१० | १०४ | १४६ | १२० | २६५ | |
| पोसाक खर्च | १३३ | ५८ | ८१ | ६७ | १४८ | |
| विदाको रकम खर्च | ० | | १०० | १०० | २०० | |
| उपदान कोष व्यवस्था खर्च | ६० | २५ | १०० | ६० | १६० | |
| जम्मा | ५,००० | २,४१० | ३,५३९ | २,९०३ | ६,४४२ | |

कार्यलय सन्चालन खर्च

| शिर्षक | आ व ०६५/६६ प्रस्तावित | ०६६ आषाढ सम्मको वास्ताविक | ०६६/६७ को लागि प्रस्तावित | | | प्रक्षेपित गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|
| | | | केन्द्र | शाखा/उपशाखा | जम्मा | |
| घरभाडा | ८०० | ४५७ | ६५० | ७०० | १,३५० | शाखा तथा उपशाखा कार्यालयहरु थपहुने भएकोले बृद्धि गरिएको । |
| विमा | १०० | ५९ | १०० | १०० | २०० | |
| पानी बत्ति | ८० | ४७ | ५५ | ८० | १३५ | |
| तार, टिकट, टेलिफोन | ३०० | १४१ | ३०० | २०० | ५०० | |
| छपाई तथा मसलन्द | ३०० | २७३ | ४०० | २०० | ६०० | |
| पत्रपत्रिका | ३० | १४ | २० | ५० | ७० | |
| विज्ञापन तथा प्रर्वद्धन | १८० | १०५ | २०० | १५० | ३५० | |
| सुरक्षा | १२५ | १२३ | २०० | २०० | ४०० | |
| दैनिक तथा भ्रमण खर्च | ३२५ | २६० | ४०० | २०० | ६०० | |
| अतिथि सत्कार | १८० | १३५ | २५० | १८० | ४३० | |
| तालिम खर्च | १५० | १२ | २५० | ५० | ३०० | |
| साधारण सभा खर्च | १,०७० | १,१२२ | १,५०० | ० | १,५०० | |
| संचालक समिति खर्च | ८०० | ७४३ | १,५०० | ० | १,५०० | |
| अन्य समिति खर्च | १५० | ६४ | ९० | १०० | १९० | |
| मर्मत संभार खर्च | २०० | ११३ | २०० | १५० | ३५० | |
| लेखापरिक्षण खर्च | ४० | २० | ५० | ४० | ९० | |
| नखप्ने सामान | ८० | ६८ | १०० | १०० | २०० | |
| विविध खर्च | ४० | ३८ | १०० | १०० | २०० | |
| इन्धन खर्च | | ० | ३०० | १०० | ४०० | |
| ह्रासकट्टी खर्च | ६५० | ३३७ | ८०० | ४०० | १,२०० | |
| बाहृय ऋणको व्याज | ० | ५५५ | ६०० | २०० | ८०० | |
| पूर्व संचालन तथा शाखा विस्तारअपलेखन खर्च | ४०० | २३२ | ३५० | २०० | ५५० | |
| विगत वर्षको समायोजन | ० | ३४ | ० | ० | ० | |
| जम्मा | ६,००० | ४,९५२ | ६,९३३ | ३,५०० | ११,९९५ | |

आदरणीय प्रतिनिधीज्यूहरु,

यस साधारण सभामा संचालक समितिको तर्फवाट पेश गरिएका प्रस्तावित कार्यक्रम तथा वजेट र प्रगति प्रतिवेदनहरु माथि आवश्यक छलफल गरी सुभाव सहित पारित गरी दिनु हुनका लागि अनुरोध गर्दछु । साथै यस बैंकमा विगत ६ वर्ष देखि प्रबन्धक संचालकको हैसियतले कार्य गर्ने मौका प्राप्त भएकोमा बैंक संचालन प्रकृयामा सहयोग गरी बैंकलाई यस अवस्थासम्म ल्याउनको लागि आ-आफ्नो स्थानबाट सहयोग पुऱ्याउनु हुने बैंकका संचालक समिति, सल्लाहकारज्यूहरु, लेखा समिति तथा उपसमितिहरु, नेपाल सरकार, नेपाल राष्ट्र वैक, राष्ट्रिय सहकारी विकास वोर्ड, राष्ट्रिय सहकारी संघ, केन्द्रीय संघहरु, जिल्ला संघहरु, प्रारम्भिक संस्थाहरु, सहकारी आन्दोलनका सबै नेतृत्व वर्ग तथा सहकारी विज्ञ, लेखक, पत्रकारहरुका साथै मेरा सहयोगी कर्मचारी साथीहरु सवैलाई सम्मान तथा आदरका साथ धन्यवाद दिन चाहन्छु । यस वैकको प्रगती तथा प्रवर्द्धनका लागि सवैको सक्रिय सहयोग तथा सुभावहरु प्राप्त हुनेछ भन्ने पूर्ण विश्वासका साथ विदा माग्दछु ।

धन्यवाद । जय सहकारी ॥

मिति :- २०६६/१०/२३ गते शनिवार

स्थान :- पासाङ्गल्हामु स्मृति भवनको सभाकक्ष,
धुलावारी भापा ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको छैठौं वार्षिक साधारणसभामा प्रस्तुत लेखा समितिको प्रतिवेदन

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, राष्ट्रिय सहकारी बैंकका सञ्चालक ज्यूहरु, सल्लाहकार ज्यूहरु, सदस्य संघ/ संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मी मित्रहरु साथै राष्ट्रिय सहकारी बैंकको गरिमामय छैठौ साधारणसभा सफल पार्न पाल्नु हुने सम्पूर्ण महानुभावहरुमा यस बैकको लेखा समितिको तर्फबाट हार्दिक अभिवादन गर्न चाहन्छु ।

पूर्वाञ्चलको झापा जिल्लाको सुन्दर नगरी धलावारीमा आयोजित बैंकको छैठौ वार्षिक साधारणसभामा लेखा समितिकोतर्फबाट बैकले आ.व. ०६५/६६ मा गरेका गतिविधि तथा लेखा सम्बन्धी विषयहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु । राष्ट्रिय सहकारी बैक लि.को पाचौ वार्षिक साधारणसभा र त्यसबाट दोस्रो कार्यकालका लागि नया सञ्चालक समिति र लेखा समिति चयन गरेको कुरा यहाँहरुलाई विदितै छ । पाचौ वार्षिक साधारणसभाबाट हामीलाई लेखा समितिमा निर्वाचित गरेर कामको जिम्मेवारी दिनुभएकोमा सम्पूर्ण सदस्य संघ संस्थाका प्रतिनिधि ज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आ.व ०६५/६६ मा लेखा समितिको वैठक ५ पटक बसेको व्यहोरा जानकारी गराउन चाहन्छु । पाचौ वार्षिक साधारणसभा भन्दा अगाडि पहिलो कार्यकालको लेखा समितिको वैठक २ पटक बसेको थियो भने नया समितिले समितिमा निर्वाचित गराएकोमा धन्यवाद दिन पहिलो बैठक बसेको थियो त्यसपछि २ वटा वैठक सम्पन्न भएका छन् । लेखा समितिका संयोजक तथा सदस्यहरुले सञ्चालक समितिको संयुक्त वैठकमा ७ पटक सहभागिता जनाइ बैंकको प्रगतिमा सक्रिय रहेको कुरा स्मरण गराउन चाहन्छु ।

**सदस्य मित्रहरु**

मुलुकका सबै सहकारी संघ/संस्थाहरुको एकमात्र प्रतिनिधि बैंक राष्ट्रिय सहकारी बैंक छैठौ वार्षिक साधारणसभामा आइपुग्दा सदस्य संघ/संस्थाहरुलाई ९ प्रतिशत मुनाफा वितरण गर्न सफल भएको छ । चौथो साधारणसभाबाट ४ प्रतिशत, पाचौ साधारणसभाबाट ६ प्रतिशत मुनाफा वितरण गरेको बैंकले छैठौ साधारणसभाबाट ९ प्रतिशत मुनाफा वितरण गर्नु बैंकको राम्रो पक्ष हो । ५ सय सदस्यबाट कारोवार शुरु गरेको बैंकमा हाल आएर १९ सय भन्दा बढी संघ/ संस्था सदस्य बन्नु, ६० जिल्लामा सदस्य विस्तार गर्नु, नेपाल सरकारले १ करोड शेयरमा एक करोड थप गर्नु, ४ वटा शाखा र ११ वटा उपशाखा सञ्चालन गरी कारोबार गर्नु, सहकारी क्षेत्रको विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु जस्ता कार्यले बैक सक्षम हुदै गएको पुष्टी गर्दछ । विभिन्न चुनौतीका बावजुद पनि यसका सञ्चालकहरु, कर्मचारी लगायत सदस्य संघ संस्थाहरुको सक्रियताका कारण नै राष्ट्रिय सहकारी बैंक आज मुलुकको आवश्यकता बन्दै गएको छ । बैंकको प्रगतिका लागि अहोरात्र खट्ने प्रवन्ध सञ्चालक सहित सम्पूर्ण कर्मचारीहरुलाई लेखा समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

लेखा समितिले बैंकको दैनिक कारोबार व्यवस्थित गर्नुका साथै नीतिगत स्पष्टताका लागि सञ्चालक समितिलाई सुझाव दिदै आएको छ । लेखा समितिका सुझावहरुलाई सञ्चालक समितिले गंभिरताका साथ मनन गर्दै अगाडि बढेको कुरा जानकारी गराउन चाहन्छु । सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, राष्ट्रिय सहकारी बैंकको विनियम २०५९, बैकको आर्थिक, प्रशासनिक नियमावली, साधारणसभाका निर्णय अनुसार बैंकलाई अगाडि बढाउने कार्यमा सञ्चालक समिति सक्रिय रहेको पाईएको छ र सञ्चालक समितिको पहरेदारको रुपमा लेखा समितिले काम गर्दै आएको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु । कानुनी रुपमा बैकको कारोबारलाई साँघुरो बनाइएको अवस्थामा पनि बैंकले प्रभावकारी रुपमा आफुलाई स्थापित बनाउदै लगेको कुरा यसको कारोबारबाट प्रष्ट हुन्छ । यसको आर्थिक कारोबारको प्रगतिलाई निर्म्नानुसार प्रस्तुत गरिएको छ :-

## १. बैंकको वित्तीय कारोबार :-

| शिर्षक/आ.व | २०६०/६१ | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६४/६५ | २०६५/६६ |
|---|---|---|---|---|---|---|
| शेयर पूँजी | ३३७३११०० | ३,८७,१६,१०० | ४,४८,८७,१०० | ५,३७,०२,१०० | ६,१४,६९,१०० | १३,०९,७७,१०० |
| निक्षेप | | ५,६२,२७,११३ | ११,८६,३८,१३० | १७,६८,४७,८७० | ३०,७०,५२,५१२ | ३७,५२,७७,०६५ |
| कर्जा लगानी | | ५,८७,८९,४९४ | १३,६०,८३,८९१ | १४,७७,०९,३३६ | २७,५५,५९,७३० | ३२,९६,६४,४२४ |
| जगेडा तथा अन्य कोष | | १०,१३९ | ३६,५४७ | २६,२९,३४८ | ५५,१५,१३९ | १,१६,३९,०३२ |
| खुद नाफा | | १०,१३८ | २६,४०८ | ३४,७४,४८२ | ६२,९४,७७० | ९६,२३,८९४ |
| कर भुक्तानी | | | | ७,९९,००० | १३,१७,२४४ | २४,१८,९६१ |
| जोखिम कोष | | २,३२,०१२ | ५,९७,९२५ | १४,१९,४३० | २५,९६,७८९ | ३२,९९,५७१ |
| सदस्य संस्थाको संख्या | ६३७ | ७०० | १,०२८ | १,२६६ | १,४४० | १,८५० |
| शाखा तथा उपशाखा | | | | | | १४ |

२. आ.व २०६५/६६ को कारोबार तर्फमात्र गत साधारणसभाबाट पारित कार्यक्रम र अनुमानित आय व्ययको लक्ष्यमा पुग्न कति सफल भयौ भनी हेर्दा

| क्रस | शिर्षक | अनुमानित | २०६६ आषाढको यथार्थ | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर | १६,२५,००,००० | १३,०९,७७,१०० | ८० |
| २. | निक्षेप | १,१०,००,००,००० | ३७,५२,७७,०६५ | ३४ |
| ३. | कर्जा | १,०१,९०,००,००० | ३२,९६,६४,४२४ | ३२ |
| ४. | आम्दानी | ८,५६,००,००० | ३,३१,९६,४५८ | ३८ |
| ५. | खर्च | ६,७६,००,००० | २,०८,२८,६०२ | ३० |
| ६. | सञ्चालन मुनाफा | १,८०,००,००० | १,२३,६७,८५६ | ६८ |

**आदरणीय सदस्यज्यूहरु**

सहकारी बैकले आर्थिक वर्ष २०६५/६६ मा आर्थिक, सांगठनिक तथा संस्थागत रुपमा उत्साहजनक काम गरेको छ। बैकको प्रभावकारीता बढ्दै गएको छ भने यसलाई अझै प्रभावकारी रुपमा अगाडि बढाउनका लागि निम्नानुसारका कामहरु गर्नु पर्ने सुझाव दिइन्छ :–

१. राष्ट्रिय सहकारी बैकलाई सम्पूर्ण सहकारीहरुको पूर्ण बैंक बनाउनका लागि नीतिगत सुधारतर्फ सम्बन्धित निकायसंग समन्वय गरेर अगाडि बढ्न सुझाव दिइन्छ।
२. राज्यले विपन्न वर्गलाई लक्षित गरी विभिन्न वित्तिय संघ संस्थाहरुमार्फत लगानी गर्ने राज्यका विभिन्न कोषहरु (ग्रामिण स्वावलम्बन, वैदेशिक रोजगारी, गरिवी निवारण आदि) लाई राष्ट्रिय सहकारी बैक मार्फत लक्षित वर्गमा पुऱ्याउनका लागि जोडदार पहलकदमी गर्न सुझाव दिईन्छ।
३. बैंकले शेयर पूजि संकलनका लागि ल्याएको (स्कीम सहितको) योजनाले बैंकको शेयर पूँजीमा विस्तार भएकाले उक्त योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, सदस्य विस्तार तथा सदस्य संघ/संस्थाहरुले आर्थिक सफलताको आधारमा शेयर थप गर्न प्रतिवद्ध हुन सुझाव दिईन्छ।
४. वैकमा आवद्ध सहकारी संघ/संस्थाका सदस्यहरुबाट निक्षेप स्वीकार गर्न पाउने तथा अन्य बैकिङ कारोबारका लागि व्यवस्था गर्न सम्बन्धित निकायसंग पहल गर्नु पर्ने सुझाव दिईन्छ।
५. वैंकको कारोबारलाई देशव्यापी बनाउन सञ्चालन गरिएका शाखा उपशाखाहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालनका लागि समन्वय, रेखदेख, निरिक्षण, निर्देशनतर्फ थप ध्यान दिन सुझाव दिईन्छ।
६. मुलुकभरका सहकारीहरुको छाता संगठनका रुपमा विकास भएको राष्ट्रिय सहकारी बैकका बारेमा देश विदेशमा समेत प्रचार

प्रसारका लागि वेभसाइटलाई व्यवस्थित गराउनुका साथै बैंकको मुखपत्र (पत्रिका) प्रकाशन गरी बैकका गतिविधिबारे जानकारी गराउन सुझाव दिईन्छ ।

७. सदस्य बढ्दै गएको अवस्था रहेकाले राष्ट्रिय सहकारी बैंकको साधारणसभामा प्रतिनिधिमुलुक सहभागिता गराउनेतर्फ ध्यान दिनुका साथै शाखा उपशाखा सञ्चालन गर्ने उपसमितिहरुलाई तालिम, भ्रमण, गोष्ठीको व्यवस्था गर्न आवश्यक रहेको छ । साथै वैंकको सञ्चालक समिति भौगोलिक क्षेत्रका आधारमा चयन गर्ने परिपाटीको विकास गर्ने तर्फ छलफल चलाउन सुझाव दिईन्छ ।

राष्ट्रिय  सहकारी बैकले ६ वर्षको अवधिमा धेरै कुरामा सुधार गर्दै गएको छ । बैंकलाई सफल बनाउन नीतिगत कुरा देखि व्यवहारीक पक्षलाई सन्तुलन गर्दै सबैको सहयोग लिनेगरी समन्वय गरेर अगाडि बढ्न सञ्चालक समितिलाई सुझाव दिन चाहन्छौ । सञ्चालक समिति, उपसमितिहरु, कर्मचारी सहित सदस्य संघसंस्थाहरुसंग समन्वय गरेर अगाडि बढ्न लेखा समिति सदैव क्रियाशिल रहनेछ ।  बर्तमान नेपालको आर्थिक अवस्थालाई मजबुत बनाउन आर्थिक परिचालनको सहि मार्ग सहकारी नै हुनेछ भन्ने सम्बन्धमा कसैको दुई मत रहदैन । हाम्रो सहकारी संघ/ संस्थाको योगदान पनि प्रसंशनीय रहेको छ । बित्तीय कारोवार गर्ने संघ/संस्थाले  वित्तीय लेखा प्रणाली बारे जानकार हुन जरुरी पर्दछ । सहकारी क्षेत्रमा यसको अभाव अझै खडकिएको छ । लेखा तथा सुपरीवेक्षण समितिहरु ओझलमा पर्ने गरेका धेरै उदाहरणहरु छन् । यस्तो हुनु हुदैन भन्ने हाम्रो मान्यता हो । राट्रिय सहकारी बैंक  मूलुककै एक मात्र  बैंक हो । बैंकको आगामी सातौ वार्षिक साधारणसभा सम्ममा २५०० भन्दा बढी सहकारी संघ/संस्थाहरुले सदस्यता लिने कुरामा निर्विबाद छ ।

अन्त्यमा लेखा समितिलाई आन्तरिक लेखा परीक्षण तथा नीतिगत निर्णय र कार्यान्वयनको निरीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउने सञ्चालक समितिका अध्यक्षज्यू, प्रवन्ध सञ्चालकज्यू, सञ्चालक समिति तथा कर्मचारी वर्गमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा राख्दछु । साधारणसभामा उपस्थित सम्पूर्ण सदस्य संघ/ संस्थाका प्रतिनिधि मित्रहरु समक्ष साधारणसभामा प्रस्तुत प्रस्ताव माथि गंभिर छलफल गरी राष्ट्रिय सहकारी बैंकलाई सहकारी क्षेत्रको पूर्ण बैंक बनाउन, संस्थाको आर्थिक अवस्था अनुसार शेयर थप गर्न, सदस्यको संख्या विस्तार गर्न, केन्द्रीय कार्यालय, शाखा तथा उपशाखामार्फत नियमित कारोबार गरिदिनुहुन, बैंकका सामु आउने चुनौतीको मिलेर सामाना गर्न तथा सहकारीता मार्फत कृषि प्रधान देश नेपालको विकासमा सक्रिय सहभागिता जनाउनका लागि अनुरोध गर्दै मुलुकको आर्थिक परिवर्तनका लागि सहकारीलाई विकल्पका रुपमा अगाडि बढाउन समन्वय गरिदिनु हुन अनुरोध गर्दछौ । साथै राष्ट्रिय सहकारी बैंकको उन्नतीका लागि संस्थाको नीतिगत अधिकारक्षेत्र भित्र रहेर अनुगमन कार्यमा लेखा समिति दृढताका साथ लागि रहने प्रतिवद्धता व्यक्त गर्दै लेखा समितिको प्रतिवेदन अन्त्य गर्दछु ।

सहकारी अभिवादनसहित
धन्यवाद

मिति - २०६६/१०/२३ गते शनीवार
पासाङल्हामु स्मृति भवनको सभाकक्ष

संयोजक: कुलचन्द्र अधिकारी

सदस्य  : रामबहादुर जि.सी.

सदस्य  : कुमार खत्री

Devnagar
Saithu Ganesh Tole
Lalitpur- 9, Tel: 5537850

**Gopal Shrestha & Co.**
chartered accountants

249 sahayog marg
anamnagar
po box 2043, kathmandu
tel: 4245925, 4247671, fax: 4242371
e-mail : gkshrestha@wlink.com.np

## राष्ट्रिय सहकारी बैंक लिमिटेडका
### शेयरधनि सदस्यहरु समक्ष
## लेखा परीक्षकको प्रतिवेदन

हामीले राष्ट्रिय सहकारी बैंक लिमिटेडको यसै साथ संलग्न २०६६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०६५।६६ को नाफा नोक्सान हिसाब र नगद प्रवाह बिवरणको लेखा परीक्षण सम्पन्न गरेका छौं । वित्तीय बिवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय बिवरणहरु उपर लेखा परीक्षणको आधारमा आफनो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

